# करैयामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## करैया, बारा


## स्थानीय राजपत्र

खण्डः ६ संख्याः ७ मितिः २०७९/१०/०५


भाग - १

# करैयामाई गाउँपालिका
# महिला र किशोरी समूह गठन र संचालन कार्यविधि,२०७९

# करैयामाई गाउँपालिका

# महिला र किशोरी समूह गठन र संचालन कार्यविधि,२०७९

**गाउँ सभाबाट पारित मिति: २०७९/०९/३०**

**प्रस्तावनाः**

सामूहिक प्रयासबाट महिलाको हित प्रबर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाको हकहितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापित गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरुको मात्र सदस्य रहने गरी एक टोल विकास संस्थामा एक महिला समूह गठन गरी वडा समितिको अधिनमा रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२(२) बमोजिम स्थानीय सेवाको अधिकतम उपयोग गर्न आवश्यक ठानी करैयमाई गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## १.संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम करैयामाई गाँउपालिकाको महिला तथा किशोरी समूह गठन र सञ्चालन कार्यविधि,२०७९ रहेको छ ।

(२)कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि यो कार्यविधि लागू हुनेछ ।

## २.परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्विधिमा,

(क) प्रमुख भन्नाले करैयामाई गाँउपालिकाको गाँउपालिका प्रमुखलाई जनाउछ ।

(ख) वडा अध्यक्ष भन्नाले करैयामाई गाउँपालिकाको वडाध्यक्षलाई जनाउँछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले करैयमाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(घ) महिला भन्नाले करैयामाई गाउँपालिका भित्रका २० वर्ष उमेर पूरा भएका ६० वर्ष ननाघेका वयस्क एवं विवाहित महिलालाई जनाउँछ ।

(ङ) किशोरी भन्नाले करैयामाई गाउँपालिकाभित्रका १० वर्ष देखि १९ वर्ष उमेरका बालिकालाई जनाउँछ ।

(च) सञ्जाल भन्नाले सबै वडालाई समेटेर गाउँपालिकास्तरिय गठन गरिएको सञ्जाललाई जनाउँछ ।

(छ) महिला समूह भन्नाले करैयामाई गाउँपालिकाभित्रका महिला विकास समूह, आमा समूह र किशोरी समूह समेतलाई जनाउँछ ।

(ज) गाउँपालिका भन्नाले करैयामाई गाउँपालिकालाई जनाउँछ ।

(झ) कार्यपालिका भन्नाले करैयामाई गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

## ३.उद्देश्यः

महिला तथा किशोरी समूह सञ्चालनको मुख्य उद्देश्य देहायबमोजिम रहनेछन् ।

(क) विभिन्न निकायबाट गरिने सेवामा महिलाको पहुँच अभिवृद्धि गर्न,

(ख) महिलाई आफ्नो हकहित र अधिकारका विषयमा जागरुक गराउन,

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्न,

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्न,

(ङ) महिला समूहलाई वडा समितिको मातहतमा रहने गरी सहभागितामूलक योजना, तर्जुमा, अनुगमन तथ मूल्यांकन सहभागी गराउन,

(च) सामाजिक विकृति विसङ्गति, कुरिति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जागरुक गराउन,

(छ) महिलाको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुष सरह पहुँचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुऱ्याउन,

(ज) महिला अधिकारमैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्न,

(झ) महिला र किशोरीमैत्री लक्षित कार्यक्रम तय गर्न ।

## ४.टोल स्तरीय महिला समूह गठनः

(१)गाउँपालिकाको प्रत्येक टोलमा महिला मात्र रहने गरी एक महिला समूह गठन हुनेछ ।

(२)उपदफा (१) बमोजिम गठन हुने महिला समूहका पदाधिकारीहरुले सहमतिको आधारमा प्रत्येक दुई वर्षमा आफु पदाधिकारी रहेको पद हेरफेर गर्न सक्नेछन् । किशोरीको हकमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछन् ।

(३)महिला समूहले टोल, वडा समिति तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन् ।

(४)गाउँपालिकाभित्रका यो कार्यविधि लागू हुनुभन्दा अगाडि गठन भएका महिला समूह, आमा समूह र किशोरी समूहलाई दर्ता गरिनेछ साथै गठन नभएका टोलहरुमा नयाँ समूहहरु गठन गरिनेछ ।

## ५.वडा स्तरीय महिला समूह सञ्चालन समिति गठनः

(१)वडाभित्र प्रत्येक टोलका महिला समूहको अध्यक्ष रहेको एक वडास्तरिय महिला समूह सञ्चालन समिति रहनेछन् ।

(२)उपदफा बमोजिमको महिला समूह सञ्चालन समितिमा सहमतिका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन् ।

(३)उपदफम (१) बमोजिमको महिला समूह सञ्चालन समितिमा टोलस्तरिय महिला समूहका अध्यक्षहरु, वडाका जनप्रतिनिधि रहनेछन् ।

(४)उपदफा (१) बमोजिमको समितिको सचिवको रुपमा वडा सचिव रहनेछन् ।

(५)टोल तथा वडामा किशोरी समूह गठन गरिनेछ ।

## ६.वडास्तरीय महिला समूह सञ्चालन समितिको काम र कर्तव्यः

वडास्तरीय महिला समूह सञ्चालन समितिले देहायका कार्य गर्नेछः

(क) महिला सवालहरुका विषयमा वडासमितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) महिला हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वकारी, सहजकारी भूमिका निर्वाह गर्नेछन्,

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु, विकृति तथा विसङ्गगतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडा समक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्यतथ्य सहित वडा तथा सम्वन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सुसंस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजि गरी लागू गर्ने ।

## ७. गाउँपालिकास्तरीय महिला सञ्जाल गठनः

(१) महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, साँस्कृतिक, मनोवैज्ञानिक समग्र क्षेत्रमा समन्वकारी भूमिका निर्वाह गर्न एक नगरपालिकास्तरिय महिला सञ्जाल गठन गरिनेछ । जसमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन् ।

(क) गाउँपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्यमध्ये एक जना महिला..........अध्यक्ष

(ख) वडास्तरिय महिला समूह सञ्जाल समितिका अध्यक्ष...........सदस्य

(ग) स्थानीय सहकारी महिला एक जना..........सदस्य

(घ) माध्यामिक तहका महिला प्रतिनिधि एक जना..........सदस्य

(ङ) गैरसरकारी संस्थाका महिला प्रतिनिधि एक जना.........सदस्य

(च) विभिन्न राजनितिक दलको प्रतिनिधित्व गर्ने प्रतिनिधि दुई जना.........सदस्य

(छ) महिला विकास शाखा प्रमुख .........सदस्य सचिव

(२) किशोरीको शैक्षिक, सामाजिक, लैङ्गिक, साँस्कृतिक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक गाउँपालिका स्तरिय किशोरी सञ्जाल गठन गरिने छ। जसमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन् ।

(क) गाउँपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्य मध्ये एक जना महिला..........अध्यक्ष

(ख) वडा स्तरीय किशोरी समूहका अध्यक्षहरु......... सदस्य

(ग) स्थानीय क्षेत्रमा काम गर्ने संघसंस्थाको प्रतिनिधि एक जना..........सदस्य

(घ) माध्यामिक तहका महिला शिक्षक एक जना..........सदस्य

(ङ) महिला विकास शाखा प्रमुख......... सदस्य सचिव

## ८.गाउँपालिका स्तरीय महिला समूह सञ्चालन समितिको काम र कर्तव्यः

गाउँपालिकामा गठन हुने महिला समूह सञ्चालन समितिले देहायको कार्यहरु गर्नेछन् ।

(क) महिला अधिकार, महिलाका विविध सवालहरुमा विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख) नमुना टोलस्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारिस गर्ने,

(घ) महिलाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने,

(ङ) महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(च) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने ।

## ९.महिला समूह सूचिकृत हुनुपर्नेः

(१) प्रत्येक टोलमा गठन हुने महिला र किशोरी समूह गाउँपालिकाको महिला शाखामा दर्ता हुनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचिकृत हुनको लागि महिला र किशोरी समूहले वडाको सिफारिस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

(३) महिला समूह सञ्चालन समितिबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा र किशोरी समूहको हकमा किशोरी समूहको निर्णय भई आएमा गाउँपालिकाले अनुसूची-२ बमोजिम महिला र किशोरी समूह दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(४) कुनै महिला समूहले यस कार्यविधिको उद्देश्य विपरित कार्य गरेमा वा प्रचलित कानून बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्ने । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ महिला समूह गठन हुनेछ ।

## १०.पुरस्कृत गर्नेः

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समूहलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

## ११.महिला समूहको कामः

टोलमा गठन हुने महिला समूहले देहाय बमोजिमको कार्य गर्नेछन्

(क) करैयामाई गाउँपालिकाको सामाजिक सुधारसम्बद्ध नीतिको प्रभावकार कार्यान्वयन गर्ने,

(ख) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापित गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने,

(ग) गाउँपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने,

(घ) एच.आई.भि.एड्स, अन्धविश्वास, कुरीति,महिनावारी हुँदा अछुत हुने प्रथा, बालविवाह, बहुविवाह,जस्ता सामाजिक समस्या, विकृति, विसङ्गगतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(ङ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना नगरको रुपमा स्थापित गर्दै लौजाने,

(च) टोलमा महिला सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सभ्य,सुसंस्कृत टोल समान निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(छ) समानतामा आधारित पहुँच, समतामूलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरु प्रति सचेत एवं चनाखो हुने,

(ज) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतिको प्रदर्शन मार्फत आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

## १२.नाम जुराउनु पर्नेः

(१)यस कार्यविधि बमोजिम गठन हुने टोल विकासस्तरीय महिला समूहको नाम सोही महिला समूहको निर्णय अनुसार जुराउनुपर्नेछ ।

(२)उपदफा १ बमोजिम जुराईएको महिला तथा बालबलिका शाखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेका अन्य महिला समूहको नामसँग बाँझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नयाँ महिला समूहले पुनः निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराई दर्ता गराउनु पर्नेछ ।

## १३.विविधः

(१)यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा करैयामाई गाउँपालिकाले बनाएको कानून बाँझिएमा बाझिएको बुँदाहरु स्वतः खारेज हुनेछन् ।

(२)यो कार्यविधि कार्यान्वयनमा बाँधा उत्पन्न भएमा गाउँपालिकाको निर्णय अनुसार प्रमुखबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

**अनुसूची १**

**(दफा ९को उपदफा २ सँग सम्बन्धित)**

**महिला समूलाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
करैयामाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
करैया, बारा ।

विषयः महिला समूह दर्ता/नविकरण गरिपाऊँ ।

प्रस्तुत विषयमा यस करैयामाई गाउँपालिका वडा नं.......को........................ टोलमा गठन गरिएको तपशिल बमोजिम पदाधिकारीहरु रहेको श्री.........................महिला समूहलाई यस गाउँपालिका कार्यालयमा दर्ता/ नविकरण गरि महिला समूह प्रमाण-पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

तपशिलः

| सि.नं. | नाम/थर | पद | सम्मर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोटः महिला समूह दर्ता गर्न आवश्यक कागजातहरुः भेलाको निर्णय, वडाको सिफारिस, अनुसूची १ बमोजिमको निवेदन ।

निवेदकः
अध्यक्षको नामः
महिला समूहको नामः
ठेगानाः

**अनुसूची २**
**(दफा ९को उपदफा ३ सँग सम्बन्धित)**
**करैयामाई गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय,**
**करैया, बारा ।**
**महिला समूहको दर्ता प्रमाणपत्रको ढाँचा**

दर्ता नं. मितिः

करैयामाई गाउँपालिका वडा नं.........स्थित..................................टोलमा गठन भएको......................................महिला समूहलाई यस कार्यालयमा मिति.....................मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।यस गाउँपालिकाको महिलाहरुको हित प्रवर्द्धन गर्ने, विकास निर्माणमा महिलाको सहभागिता गराउने, सामाजिक विकृति, विसङ्गतिका विरुद्ध आवाज उठाउने तथा महिलालाई सक्रिय र जागरुक गराउने पक्षमा यस महिला समूहको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

..................................
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची १
## (दफा ९ को उपदफा २ सँग सम्बन्धित)
## किशोरी समूहलाई नगरपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू मितिः
करैयामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा ।

विषयः किशोरी समूह दर्ता/नविकरण गरिपाउँ ।

प्रस्तुत विषयमा यस करैयामाई गाउँपालिका वडा नं....... को ..........................टोलमा गठन गरिएको तपशिल बमोजिम पदाधिकारीहरु रहेको श्री..........................................किशोरी समूहलाई यस गाउँपालिका कार्यालयमा दर्ता/नविकरण गरी किशोरी समूह प्रमाण-पत्र उपलब्ध गाराईदिनुहुन अनुरोध छ ।

तपशिलः

| सि.नं. | नाम/थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोटः किशोरी समूह दर्ता गर्न आवश्यक कागजातहरुः भेलाको निर्णय, वडाको सिफारिस, अनुसूची १ बमोजिमको निवेदन ।

निवेदकः
अध्यक्षको नामः
किशोरी समूहको नामः
ठेगानाः

**अनुसूची २**
**(दफा ९को उपदफा ३ सँग सम्बन्धित)**
**करैयामाई गाउँपालिका**
**गाउँ कार्यपालिकाकव कार्यालय, करैया बारा ।**
**किशोरी समूहको दर्ता प्रमाणपत्रको ढाँचा**

दर्ता नं.  मितिः

करैयामाई गाउँपालिका वडा नं.........स्थिति..................................टोलमा गठन भएको ....................................किशोरी समूहलाई यस कार्यालयमा मिति.........................मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस गाउँपालिकाको किशोरीहरुको हित प्रवर्द्धन गर्ने, विकास निर्माणमा किशोरीको सहभागिता गराउने, सामाजिक विकृति, विसङ्गती विरुद्ध आवाज उठाउने तथा किशोरीलाई सक्रिय र जागरुक गराउने पक्षमा यस किशोरी समूहको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

.........................
प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रमाणित गर्ने</u>**
हस्ताक्षरः
नामः- शम्भु प्रसाद यादव
पदः- करैयामाई गाउँपालिका अध्यक्ष
प्रमाणित मितिः२०७९/०९/३०
प्रमाणित कानुन पाना(पेज) संख्याः ९(नौ) अनुसूची सहित

**आज्ञाले**
वीरेन्द्र महतो
नि.प्रमुख प्रशासकीय अधिकृत